**Article DOI Link:** https://doi.org/10.3126/shss.v1i2.87656

**Spectrum of Humanities and Social Sciences (SHSS)**
A Multidisciplinary Bilingual Journal
ISSN 3059-9849; Volume 1, Issue 2, December 2025, pp. 169-177
Indexed in Nepal Journals Online (NepJOL)
**Research Article**

*Open access article*

# मिथक प्रयोगको सान्दर्भिकताका दृष्टिले सुम्निमा उपन्यास

## [Relevance of Mythical Use in the *Sumnima* Novel]

**महेन्द्रकुमार मल्ल (Mahendra Kumar Malla)**

सुर्खेत बहमुखी क्याम्पस, सुर्खेत (Surkhet Multiple Campus, Surkhet)

**लेखसार**

सुम्निमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचना गरिएको उपन्यास हो। यो नेपाली उपन्यासमा मिथक प्रयोग गरी लेखिएको उपन्यास हो। मिथक प्रयोगको सान्दर्भिकता के कस्तो रहेको छ भन्दै त्यसलाई पहिल्याउने उद्देश्यमा लेख केन्द्रित रहेको छ। सामग्रीलाई पुस्तकालयीय पद्धतिबाट सङ्कलन गरेर तिनको क्रमबद्ध र व्यवस्थित ढाँचामा अध्ययन गरिएको छ। यस क्रममा तुलनात्मक र विश्लेषणात्मक अध्ययन विधिको उपयोग गरी उपन्यासमा प्रमुख मिथकीय सन्दर्भको खोजी गरिएको छ। हिन्दु धर्मग्रन्थहरूमा वर्णित अध्यात्मिक मूल्य र किराँती मिथकीय प्रतीकहरूलाई पात्रहरूमध्येको एक सोमदत्त तपोप्रबल, इन्द्रियनिग्रही र तापस ब्राह्मण बन्ने पूर्वीय आध्यात्मिक चेतनाबाट डोरिएको छ। ऊ संसारिक बन्धनमा नपरी विषयवासनाबाट विरत भएर मोक्ष प्राप्त गर्ने वृहदाणयकोपनिषद्को दर्शनलाई आत्मसात गरी अघि बढेको छ। फलस्वरूप उसका अचेतनका यौनजन्य चाहनाहरू कुण्ठित बन्न पुगेको छ। सन्तानोत्पत्तिका लागि मात्रै भन्दै उसले प्रलोमासँग विवाहरूपी कर्तव्यसम्पादन गरेको छ तर सन्तानोत्पत्तिमा विफल भएको छ। त्यसै गरी उपन्यासमा किराँती मिथकको प्रतीकका रूपमा अर्को प्रमुख पात्र *सुम्निमा* आएकी छ जसले भौतिकवादी जीवनदृष्टिलाई आत्मसात गरेकी छ। उसको सन्निकटताले सोमदत्त विचलित भएको छ र अन्ततः उसकै सम्झनामा पुलोमासँगको रतिक्रीडाले सन्तानको जन्म दिन सफल भएकी छ। यसरी दुई भिन्न जीवनदर्शनबाट डोरिएका सोमदत्त र सुम्निमाले अलग अलग अस्तित्वमा बाँच्दाका बखतभन्दा समन्वयवादी चिन्तनबाट एकत्वमा रूपायित हुँदा सफलता र सन्तुष्टि प्राप्त गरेका छन्। हिन्दू र किराँती मिथकीय सन्दर्भका आधारमा यौन मनोविश्लेषण गर्नु नै उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता हो।

**प्रमुख शब्दावली :** मिथक, तपोप्रबल, इन्द्रियनिग्रही, मांसलता, मनोविश्लेषण

**Article Info.**

**Article History**
Received: 5 August 2025
Revised: 5 October 2025
Accepted: 20 November 2025

**Corresponding Author**

Mahendra Kumar Malla
✉: mkmall.2026.@gmail.com

**Copyright Information**
Copyright 2025 © The author(s).
This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

**Publisher**
Graduate School of Humanities and Social Sciences
Mid-West University
Birendranagar, Surkhet
https://muodgshss.edu.np

**Abstract**: The article has focused on exploring the relevance of the use of mythology in Bishweshwar Prasad Koirala's *Summina*. The materials for this study have been collected using library-based methods and studied in an organized and systematic format. In this process, a comparative and analytical study method was used to explore the major mythological references in the novel. The spiritual values described in Hindu religious texts and the Kiranti mythological symbols are embodied through characters such as Somdatt, who embodies the Eastern spiritual consciousness of becoming a Tapoparbal, Indriyanigrahi, and Tapas Brahmin. He progresses by

internalizing the philosophy of the Brihadaranyaka Upanishad, which advocates liberation (Moksha) by detaching from worldly bonds and desires. As a result, his unconscious sexual desires have been repressed. He engages in marriage with the purpose of procreation but fails to conceive a child. Similarly, another major character in the novel, Summina, represents the Kiranti mythological symbol, who adopts a materialistic worldview. Her proximity disturbs Somdatt, and ultimately, through his recollection, she succeeds in giving birth to a child through a sexual encounter with Poloma. Thus, the two characters, influenced by two distinct worldviews, achieve unity and fulfillment through a harmonized, integrative thinking approach while living separate lives. The relevance of mythology in the novel lies in its sexual psychoanalysis based on Hindu and Kiranti mythological references.
**Keywords**: Mythology, Feverish, Self-controlled, Muscularity, Psychoanalysis

## परिचय

आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकतावादी भएको स्वघोषणा गर्ने नेपाली साहित्यका अनमोल रत्न विश्वेश्वरप्रसाद कोइरालाले त्यसलाई व्यावहारिक रूपमै पुष्टि पनि गरेका छन् । जसरी राजनीतिमा लोकतन्त्र र समाजवादको प्रस्थापना र प्रयोगमा उनी सफल भए त्यसरी नै विसङ्गति, कुण्ठा, नैराश्य र अचेतनका अतृप्तताले विस्फोटक बन्न पुगेको मानव मनलाई उनले आफ्ना कृतिहरूमा गहन विश्लेषण गरेर नढाँटी देखाए । चाहे कथा होस् वा उपन्यास तिनका पात्रहरूले विसङ्गत जीवन भोगेका हुन्छन् र असामान्य मनोदशाको सिकार भएका हुन्छन् । नेपाली आख्यान साहित्यमा उनको योगदान विशिष्ट रहेको छ । उनले नेपाली साहित्यको कथा, कविता, आत्मवृत्तान्त आदि जस्ता थुप्रै विधा र क्षेत्रमा पनि कलम चलाएका छन् । यसअलावा उनले 'तीन घुम्ती' (२०२५ ), 'नरेन्द्र दाइ' (२०२७), 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०) र 'बाबु, आमा र छोरा' (२०४५ ) गरी आधा दर्जन उपन्यासहरूको रचना गरेका छन् । उपन्यास लेखनमा सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले सफल उपन्यासकार हुन् उनी । मूलतः फ्रायडीयन यौन मनोविश्लेषण, विसङ्गति र अस्तित्वलाई आफ्ना उपन्यासहरूको विषयवस्तु बनाउने उपन्यासकार कोइराला मिथकको समसामयिक पुनर्व्याख्या गर्न समेत रुचि राख्दछन् । विश्लेष्य उपन्यास 'सुम्निमा' उनीद्वारा रचना गरिएको आधुनिक नेपाली उपन्यास परम्पराको मिथकीय पहिलो उपन्यास हो । यस उपन्यासबाट प्रारम्भ भएको नेपाली आधुनिक मिथकीय उपन्यासको परम्परा निकै समृद्ध रहेको छ । मिथकलाई सबैभन्दा बढी दोहन गर्ने ज्ञानका शाखाहरूमध्ये साहित्य एक नम्बरमा पर्दछ । मिथकको दुरुस्त वर्णन चित्रणले आधुनिक साहित्य लेखनमा अर्थ राख्दैन । आधुनिक साहित्यले यसलाई नयाँ अर्थवत्तामा ढाल्नुपर्छ । मिथकको विशाल भण्डारबाट साहित्यका विविध विधाले अनेकौँ विषयवस्तुलाई गृहीत गर्न सक्छ । पूर्व र पश्चिम दुबै क्षेत्रमा साहित्यले मिथकलाई स्रोतका रूपमा ग्रहण गरेको छ र उत्कृष्ट साहित्यिक परम्परा स्थापित गरेको छ । नेपाली आधुनिक उपन्यासमा पहिलो औपन्यासिक मिथकीय कृतिका रूपमा देखा परेको सुम्निमा उपन्यासमा भने मिथकको पुनर्व्याख्या नगरी त्यसका सूत्रहरूलाई प्रतीकात्मक रूपमा ग्रहण गरी तिनलाई औपन्यासिक प्रतिपाद्यको आधारका रूपमा लिइएको छ । उपन्यासका प्रमुख पात्रहरूले हिन्दू र किराँती मिथकका प्रतीक र तिनका जीवनमूल्यहरूलाई आत्मसात गरेका छन् भने यो विषय फ्रायडीयन यौन चेतनाको प्रकटीकरणको आधार समेत बनेर आएको छ । यसर्थ औपन्यासिक शिल्प र कथ्य निकै प्रभावकारी बनेर आएको छ भने प्रतीकहरूका माध्यमबाट नयाँ सन्दर्भ उद्भासित गरेर तिनको सान्दर्भिकता प्रमाणित पनि गरिएको छ ।

## उद्देश्य

विसङ्गतिवादी अस्तित्ववादी उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा मिथकलाई बिषय प्रतिपादन गर्ने आधारका रूपमा लिएको हुन्छ । यस अध्ययनमा मिथक प्रयोगको सान्दर्भिकताका दृष्टिले सुम्निमा उपन्यास के कस्तो रहेको छ रु भन्ने समस्या नै यस अनुसन्धानको समस्या हो । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा मिथकलाई जीवन्त ढङ्गले चित्रण गरिएको पाइन्छ । मिथकका दृष्टिले कोइरालाका उपन्यास उत्कृष्ट मानिन्छन् । प्रस्तुत अध्ययनमा सुम्निमा उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता पहिल्याउनु नै मुख्य उद्देश्य रहेको छ ।

## पूर्वकार्यको समीक्षा

छविलाल पोखरेल (२०४०) को आग्रह पूरातनको: सन्दर्भ सुम्निमा र मोदिआइनको शीर्षकको लेखमा सुम्निमा र मोदिआइन उपन्यासको पौराणिक सन्दर्भलाई कोट्याइएको छ । मिथकीय गहन अध्यनन गर्नु यसको उद्देश्य होइन । त्यस्तै नरेन्द्र चापागाईं (२०४३) को केही सृष्टि: केही दृष्टि नामक समालोचनात्मक पुस्तकमा सुम्निमा उपन्यासको आख्यान वा विषयवस्तु लौकिक, पारलौकिक वा पौराणिक जगमा टेकेर आएको भन्दै मिथकीय सन्दर्भलाई सङ्क्षिप्त ढङ्गले उल्लेख गरिएको छ । उपन्यासलाई मिथकका कोणबाट सूक्ष्म अध्ययन गर्ने उद्देश्य यस कृतिले पनि राखेको छैन । गोपिकृष्ण शर्मा (२०४४) को अवलोकन र विवेचन शीर्षकको समालोचनात्मक कृतिमा सुम्निमा

उपन्यासको कथानक महाभारतबाट लिइएको भनिएको छ । उपन्यासमा प्राचीन किराँती संस्कृति, विश्वामित्रको आश्रम, पौराणिक सन्दर्भ आएको कुरालाई उल्लेख गरिएको छ । उपन्यासलाई मिथकीय आधारमा विश्लेषण गर्ने उद्देश्य यसको पनि होइन ।

मोहन पी. दाहल (२०५०) को आधुनिक नेपाली उपन्यास नामक पुस्तकमा सुम्निमा उपन्यासले पौराणिकताको फेर समातेको सन्दर्भ उप्काइएको छ । पौराणिक किराँती विषयवस्तुलाई उपन्यासको आधार बनाएर त्यसलाई जीवन यथार्थासँग जोड्ने प्रयास गरेको भन्ने विचार प्रकट गरिएको छ । यस पुस्तकले पनि सुम्निमालाई मिथकका आधारमा विश्लेषण गर्ने उद्देश्य राखेको छैन । केशवप्रसाद उपाध्याय (२०५०) को विचार र व्याख्या नामक ग्रन्थमा सुम्निमाको कथावस्तु सामाजिक एवम् तथ्यपरक नभएर सांस्कृतिक तथा पूराकथाका सूत्रहरूले जेलेर तयार गरेको भन्ने टिप्पणी गरिएको छ । उपन्यासलाई मिथकको सैद्धान्तिक साँचाबाट विश्लेषण गर्ने उद्देश्य राखिएको छैन। मुरारीप्रसाद रेग्मी (२०५०) को मनोविश्लेषणात्मक समालोचना पुस्तकमा आर्य र किराँती संस्कृतिको अद्भुत सङ्गम देखाएको भन्ने टिप्पणी गरिएको छ । यस पुस्तकले पनि सुम्निमाको मिथकीय विश्लेषण गर्ने उद्देश्य राखेको छैन । राजेन्द्र सुवेदी (२०५३) को नेपाली उपन्यास परम्परा र पृष्ठभूमि नामक कृतिमा सुम्निमा उपन्यासले मानव विकासको प्रागैतिहासिक कथावस्तु गृहीत गरेको सन्दर्भलाई उप्काएको भनिएको छ । उपन्यासलाई मिथकीय कोणबाट गहन अध्ययन गर्ने उद्देश्य यस कृतिको पनि होइन ।

उपर्युक्त लेख तथा कृतिहरूले सुम्निमा उपन्यासको पौराणिक एवम् मिथकीय सन्दर्भलाई उप्काएका मात्र छन् । उपन्यासमा प्रयुक्त मिथकलाई चिरफार गर्ने र त्यसको सान्दर्भिकता खोज्ने ध्येय तिनको छैन । यसै आवश्यकतालाई महसुस गर्दै यो अनुसन्धानलाई अघि बढाइएको हो ।

## अनुसन्धानविधि

गुणात्मक ढाँचा रहेको प्रस्तुत अध्ययनमा सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । द्वितीयक स्रोतबाट सङ्कलित सामग्रीहरूलाई व्यवस्थित र क्रमबद्ध रूपमा अध्ययन गरी उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकताको खोजीका लागि विश्लेषणात्मक र तुलनात्मक विधिको उपयोग गरिएको छ ।

### ***सुम्निमा*** **उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता**

विश्वेश्वरप्रसाद कोइराला नेपाली आख्यान साहित्यका प्रभावशाली स्रष्टा हुन् । उनी उपन्यासकार पारिजात र ध्रुवचन्द्र गौतमसँग नेपाली उपन्यास विधामा देखा परेका प्रसिद्ध उपन्यासकार हुन् । उनी मूलतः उपन्यासमा पात्रको मनोविश्लेषण गर्न रुचाउँछन् । मानव मनलाई केस्रा केस्रा गरी केलाउन उनी सिपालु मानिन्छन् । त्यसैले फ्रायडवाद उनका प्रायजसो उपन्यासको दार्शनिक आधार बनेर आएको छ । मानव मनलाई चेतन, अर्धचेतन र अचेतन गरी तीन भागमा बाँडेका मनोवैज्ञानिक सिग्मण्ड फ्रायडले अचेतन मनको प्रभावशालितालाई उल्लेख गरेका छन् । मानव मनको दुई तिहाई भाग ओगटेको अचेतन मन बलशाली हुन्छ । त्यहाँ वासना र संस्कारका रूपमा अनेकन अतृप्त चाहनाहरू थुप्रिएर रहेका हुन्छन् । त्यसमा पनि विशेष गरी व्यक्तिका यौनजन्य चाहनाहरूको बासस्थानका रूपमा अचेतन मन रहेको हुन्छ । ती यौनजन्य अतृप्तताहरू थुप्रदै गएमा मान्छे मानसिक रूपमा विकृत बन्न पुग्छ भन्ने मान्यता फ्रायडको रहेको छ । जसरी पम्पले भकुन्डोको ब्लाडरमा हावा भर्दा ब्लाडरले त्यति मात्र हावा लिन सक्छ जति त्यसको सीमा हुन्छ । सीमाभन्दा बाहिर गएर ब्लाडरमा हावा भर्दै जाँदा ब्लाडर फुट्न जान्छ । ठिक त्यसै गरी मान्छेको अचेतन मनमा यौनजन्य अतृप्त चाहनाहरू थुप्रिदै थुप्रिदै गएमा त्यसले सीमा नाघ्यो भने मान्छे मानसिक रूपले विकृत र असामान्य बन्न पुग्छ भन्ने सिग्मन्ड फ्रायडको अवधारणा रहेको छ । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले सिगमन्ड फ्रायडको यही मान्यतालाई आफ्ना उपन्यासहरूको विषय र कथ्य बनाएका छन् । उनको 'तीन घुम्ती' उपन्यासकी इन्द्रमाया, 'नरेन्द्र दाइ' उपन्यासका नरेन्द्र र गौरी, 'सुम्निमा' उपन्यासको सोमदत्त यस्ता पात्रहरू हुन् जुन पात्रहरू अचेतन मनका अतृप्त यौनजन्य चाहनाहरूबाट प्रताडित छन् । अचेतनमा कुण्ठित बन्न पुगेका यौन अतृप्तिले उनीहरूका मानसिक तहमा हलचल मात्र होइन विकृतिसमेत उत्पन्न भएको छ । त्यसैले उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला आफ्ना उपन्यासहरूमा फ्रायडीयन यौन मनोविश्लेषण गर्ने उपन्यासकार हुन् । उनी पात्रको अचेतन मनको गहन विश्लेषण गर्दछन् ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला विसङ्गतिवादी अस्तित्ववादी उपन्यासकार हुन् । उनका उपन्यासहरूमा जीवनको विसङ्गति र व्यक्तिको अहम् र अस्तित्वलाई जीवन्त ढङ्गले चित्रण गरिएको छ । दोस्रो विश्वयुद्धपश्चात् नयाँ पिँढीमा युग, सभ्यता र शासकप्रतिको आक्रोशको अभिव्यक्ति स्वरूप देखा परेको विसङ्गतिवादी चिन्तनको राप कोइरालाका उपन्यासमा पनि दन्केको पाइन्छ । विश्वयुद्धका निर्मम घटनाक्रमहरूले हजारौँ वर्षको मिहिनेतबाट प्राप्त मूल्यवान् धरोहरहरू क्षणभरमै ध्वस्त भएपछि मान्छेको जीवन र उसको सभ्यता एउटा शासकको क्रूरतामा क्षतविक्षत र धराशायी भएपछि, मान्छेको कुनै प्रवाह नभएपछि एवम् उसको जीवनप्रतिको संवेदनशीलतामा उदासिन भएपछि युवा पिँढीले जीवनलाई निरर्थक, निस्सार, निरुपाय र अर्थहीन ठान्न थाल्यो । मान्छेले अगाध विश्वास गरेको ईश्वरीय सत्ता र उसको नियमन क्रूर शासकहरूका अघिल्तिर निरुपाय देखिएपछि त्यसप्रतिको विश्वास पनि गर्ल्यामगुर्लुम ढल्यो । फलस्वरूप जीवन र जीवनको सङ्गतिप्रति मान्छेको आस्था टुट्न पुग्यो । मान्छेले जीवनलाई अर्थहीन, सङ्गतिहीन रूपमा बुझ्न थाल्यो । यस्तो विचारको प्रभाव पश्चिमा साहित्य हुँदै नेपाली साहित्यमा पनि पर्न गयो । उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले पनि उपन्यासमा सार

नभएको विसङ्गतिपूर्ण जीवनको चित्रण गरेका छन्। यस दृष्टिले उनको 'नरेन्द्र दाइ' उपन्यास उत्कृष्ट रहेको छ, जहाँ नरेन्द्र, गौरी र मुनरियाले बालुवाको त्रिभुज आकारको घर बनाए तर त्यसलाई हावाको सानो झोँकाले गर्ल्यामगुर्लुम ढलाइदियो भन्दै जीवनको विसङ्गति र निरर्थकतालाई बडो प्रभावकारी ढङ्गले स्थापित गरिएको छ। त्यसैले उनी विसङ्गतिवादी उपन्यासकार हुन्।

विसङ्गतिसँगै जोडिएर आउने अस्तित्ववादको औपन्यासिक प्रयोग विश्वेश्वरप्रसाद कोइरालाको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो। आफू पनि केही हुँ र समाजमा आफ्नो पनि उपस्थिति र अस्तित्व छ भन्ने बोध गर्दै व्यक्तिले अस्तित्वको खोजी गर्न थाल्दछ अनि अस्तित्ववादले झ्याङ्गिने अवसर प्राप्त गर्दछ। यस सिद्धान्तका प्रखर चिन्तक ज्याँ पाल सार्त्र हुन्। उनका दृष्टिमा व्यक्तिसत्ता महत्त्वपूर्ण छ। जीवन विसङ्गतिपूर्ण छ, निस्सार छ भन्दैमा डोरी लिएर पासो लाउन जानु त भएन, यसैका माझबाट व्यक्तिले स्वत्व वा अहम्को खोजी गर्नुपर्दछ भन्ने उनको धारणा रहेको छ। उनी व्यक्तिको जीवनमा कार्यको छनौट, रोजाइ अरू कसैबाट लादिने नभएर व्यक्ति स्वयम् हो र हुनुपर्दछ भन्दछन्। त्यसैले उनी व्यक्तिलाई छनौटको स्वतन्त्रता छ भन्दछन् तर कामको छनौटपश्चात् त्यसबाट निस्कने परिणामप्रति पनि स्वयम् व्यक्ति नै जिम्मेवार हुनुपर्दछ भन्ने उनको मान्यता रहेको छ। परिणाम असल र खराब जे पनि हुन सक्छ त्यसको जवाफदेही स्वयम् व्यक्ति हो भन्ने उनको दार्शनिक निष्कर्ष रहेको छ। त्यसैले उनी अस्तित्व सारभन्दा अगाडि आउँदछ भन्दछन्। विश्वेश्वरप्रसाद कोइरालाका पात्रहरूले विसङ्गतिका माझबाट अस्तित्वको खोजी गरेको पाइन्छ (बराल र एटम, २०६३, पृ. २५३)। कडा सामाजिक बन्धनलाई तोडेर स्वतन्त्र निर्णय गर्न सक्ने र परिणाम भोग्नलाई तयार हुने 'तीन घुम्ती' की इन्द्रमाया, गीताको दर्शनलाई आधार बनाएर आततायी युद्ध ठिक हो भनी आफूले रोजेको बाटोमा अडिग हुने 'हिटलर र यहुदी' को हिटलर आदि जस्ता कोइरालाका पात्रहरूले मानवीय अहम् र अस्तित्वलाई प्रकटीकरण गरेका छन्। त्यसैले विश्वेश्वरप्रसाद कोइराला अस्तित्ववादी उपन्यासकार हुन्।

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्तिको चर्चा गर्ने क्रममा उनको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो मानवतावादको वकालत। उनी मान्छेले मान्छेमाथि गरेको विभेद र बर्बरताको विपक्षमा छन्। समानता वा भाइचाराको भावनालाई प्रोत्साहित गर्दै मान्छे मान्छेका बिचको असमानताको अन्त्य गर्नुपर्ने सन्देश कोइरालाका उपन्यासले दिएका छन् (बराल र एटम, २०६३, पृ. २५४)। सत्य स्थापनाका लागि लडिएको भनिएको महाभारतको युद्धले विनाश सिबाय केही निम्त्याएन भन्दै 'मोदिआइन' उपन्यासमा उनले आफ्नो असहमति प्रकट गरेका छन्। यो कुरा उपन्यासको प्रमुख पात्रले सानो बालकलाई ठुलो होइन असल मान्छे बनेर मानव सेवामा समर्पित हुनुपर्छ भनेबाट नै प्रस्ट हुन्छ। 'हिटलर र यहुदी' उपन्यासले पनि द्वितीय विश्वयुद्धको त्रासद चित्रण गरेर मानवतावादको पक्षमा वकालत गरेको छ। अतः कोइराला मानवतावादी दृष्टिकोणलाई उपन्यासमार्फत अभिव्यक्त गर्ने उपन्यासकार हुन्।

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू मिथकको प्रयोगले प्रभावशाली बन्न पुगेका छन्। मिथक साहित्यको महत्त्वपूर्ण स्रोतका रूपमा रहेको हुन्छ। आदिम मानवको आस्था, विश्वास र धरोहरका रूपमा रहेको मिथकलाई युगानुकूल सन्दर्भ दिएर लेखिएका उपन्यासहरू निकै प्रसिद्ध रहेका छन्। आधुनिक नेपाली उपन्यासको परम्परामै पनि मोदिआइन, माधवी, द्वन्द्वको अवसान, योजनागन्धा राधा आदि जस्ता मिथकीय उपन्यासहरूको उत्कृष्ट स्थान रहेको छ। ती उपन्यासहरूले मिथकको पुनर्सृजन वा पुनर्व्याख्या गरी औपन्यासिक कथ्यलाई बलशाली बनाएका छन् र नयाँ सन्दर्भ दिएर युगजीवनको रहस्य उधिनेका छन्। यो परम्परा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले नै प्रारम्भ गरेका थिए। उनका सुम्निमा, मोदिआइन र हिटलर र यहुदी मिथकलाई आधार बनाएर रचना गरिएका उपन्यास हुन्। त्यसैले कोइराला मिथकीय पुनर्सृजन गरी उपन्यास लेख्ने उपन्यासकार हुन्।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला हिंसाविरोधी र शान्तिका पक्षधर उपन्यासकारका रूपमा पनि परिपचित छन्। यो उनको अर्को महत्त्वपूर्ण औपन्यासिक प्रवृत्ति हो। मोदिआइन उपन्यासमा सत्य र न्यायको वकालत गर्दै कृष्णको उक्साहटमा भएको युद्ध हिंसाभन्दा अरू केही नभएको जिकिर गरेका छन्। उपन्यासकार कोइरालाले यसले मानव सभ्यतामाथि नै हिलो छयापेको उनको ठहर छ। हिंसाले कुरूक्षेत्र रगताम्मे बन्यो र लाखौँ करोडौँ मानिसको प्राण हऱ्यो। औँलामा गनिने मानिसहरू मात्र उक्त आततायी युद्धबाट बाँच्न सफल भए र सभ्यता पल्लवित हुन सकेन। उल्टै भगवान् भनिएकाको कृत्यले मानव सभ्यतालाई हिंसाको छायाभित्र पारिदियो। शान्तिको चीरहरण गरिदियो। त्यसै गरी गीतादर्शनलाई आधार बनाउँदै दितीय विश्वयुद्धको बर्बरतालाई सही ठहऱ्याउने हिटलरको कृत्यलाई 'हिटलर र यहुदी' उपन्यासमा विरोध गरिएको छ। साठी लाख यहुदीहरूलाई एकै चिहान गराउने र शताब्दी शताब्दी लगाएर स्थापित गरेका मूल्यवान् धरोहरहरू एक क्षणमै तहसनहस पार्दिने हिटलरको हिंसा र क्रूरताप्रति यसमा असहमति जनाइएको छ। सभ्यताको समुन्नति र मान्छेको आत्माले पाउने सन्तुष्टि हिंसामा होइन शान्तिमा मात्र सम्भव छ भन्ने उपन्यासकार कोइरालाको निष्कर्ष रहेको छ।

**मिथकको अर्थ**

गिस्रेली भाषाको 'मुथोस' (Muthos) शब्दबाट अङ्ग्रेजी भाषामा 'मिथ' (Myth) शब्दको जन्म भएको हो। अङ्ग्रेजीको यही मिथ शब्दबाट नेपाली भाषामा मिथक शब्दलाई प्रचलनमा ल्याइयो। प्रारम्भमा मिथलाई आख्यान, कुराकानी, कुनै विषयवस्तुका बारेमा वर्णन गर्ने शब्दका रूपमा व्यवहार गरिन्थ्यो। त्यसै गरी देवीदेवताहरूसँग सम्बन्धित अतिप्राकृतिक असत्य कथाहरूका रूपमा पनि यसलाई बुझ्ने गरियो। प्लेटोले पूरै असत्य नभएको आख्यानको अंशलाई मुथोस भनी चिनाएको पाइन्छ (कडन सन् १९८२, पृ. ५६२)।

मिथकहरूमा रहने आद्भुतिक, चामत्कारिक र अलौकिक घटनाहरूका कारण विश्वकोशहरूले मिथकलाई काल्पनिक र अलौकिक कथाका रूपमा चिनाएका छन् । यसको विपरीत होमरका कृतिहरूको अध्ययन गरी ग्याम्बाटिस्टा विकोले मिथकलाई आदिम मानवहरूको मनगढन्ते अतिरञ्जना नभई प्राचीनतम ज्ञानलाई अभिव्यक्ति दिने काव्यात्मक भाषा भनेका छन् जुन प्रतीकात्मकता रहने रूपकात्मक सिद्धान्तहरूले ओतप्रोत रहेको हुन्छ (विम्सट र बुक्स, सन् १९५७, पृ. ७००) । यसपछि नै मिथकले नयाँ आयाम प्राप्त गरेको पाइन्छ । बिकोको मिथक सम्बन्धी यो अवधारणा देखापरेपछि नै मिथकलाई लिएर विभिन्न पक्ष र कोणबाट चिनाउने परम्परा देखिन्छ । जसअन्तर्गत मिथकका धार्मिक, सामाजिक, मनोवैज्ञानिक, मानवशास्त्रीय, भाषिक, दार्शनिक, ऐतिहासिक आदि विविध विषय, अर्थ र सन्दर्भबाट व्याख्या गर्ने र अर्थ्याउने परिपाटीहरू पर्दछन् । वास्तवमा मिथक आदिम आस्था र विश्वासको कथात्मक प्रस्तुतीकरण हो । जसले धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, मानवशास्त्रीय, मनोवैज्ञानिक, भाषिक, दार्शनिक आदि विविध सन्दर्भ र सत्यहरूलाई उद्भासित गर्दछ, जसमा साहित्य सिर्जनाको अपार स्रोत विद्यमान हुन्छ । फिस्केले त मिथकलाई ध्वनिविज्ञानमा ग्राइमको अवधारणा र आणविक भौतिकशास्त्रमा तरङ्गको सिद्धान्त जति नै यथार्थ जगमा अडेको हुन्छ भनेका छन् (फिस्के, सन् १९९६, पृ. २०) ।

मिथकलाई मात्र गल्प कथा, अतिरञ्जना, अतिप्राकृतिकता, मानवशास्त्र, इतिहास आदि थुप्रै विषयक्षेत्रहरूमध्ये कुनै एउटा कोणबाट हेरिनु, बुझिनु र निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन । यसो गर्नु गलत हो । ज्ञानका विविध आयामहरूले मिथकलाई जसरी हेरेका छन् ती सबै प्रतिपाद्यका माझबाट मिथकलाई पर्गेल्नु समीचीन हुन्छ । ज्ञानका अन्तर्अनुशासनले यसलाई आआफ्नै ढङ्गले चिनाए पनि यसमा धार्मिक सांस्कृतिक अनुष्ठानहरू समाहित भएका हुन्छन् । यसमा जातीय जीवनको अनुभवपुञ्ज रहेको हुन्छ । साथै भाषा, मनोविज्ञान, दर्शन, इतिहास आदिको व्यापक प्रस्तुति र चित्रण रहेको हुन्छ । साहित्यमा त यसको व्यापक दोहन गरिएको हुन्छ । कथात्मक प्रस्तुति, प्रतीकात्मक अभिव्यक्ति, रहस्यको प्रकटीकरण, अलौकिक वातावरण, सामूहिक आस्था र आदिम विश्वासको अभिव्यक्ति र परिवर्तनशीलता मिथकका विशिष्टता एवम् अङ्ग हुन् । अतः मिथक कथामा कथिएको आदिम आस्था र विश्वास भए पनि यसले मानव ज्ञानका विविध सन्दर्भहरूलाई आफूमा सुरक्षित गरेको हुन्छ र यसमा अत्यधिक अनुकूलनको सामर्थ्य रहने हुनाले साहित्यिक फाँटमा नयाँ अर्थवत्ताका साथ वर्तमानलाई उद्भासित गर्ने महत्त्वपूर्ण विषयस्रोतका रूपमा मिथकको दोहन उपयोग भएको पाइन्छ । साहित्यमा मिथक रचनाका स्तरमा मात्र उपयोग नभएर युग सन्दर्भ अनुसारका नयाँ अर्थ प्रकट गर्नका लागि उपयोग गरिन्छ । मिथकीय सन्दर्भ वर्तमानतामा ढल्न सक्छ । मिथकको अर्थ रुपान्तरण साहित्यमा जति ज्ञानका अन्य विधाहरूमा भएको देखिदैन । त्यसैले मिथकको स्वरूपमा गतिशीलता भेटिन्छ । मिथकमा रहने यही गत्यात्मकताले कवि साहित्यकारहरूलाई प्रासङ्गिक बनाएको हुन्छ (मल्ल, २०६८, पृ. ८३)। बदलिदो युगअनुसारको विचार निर्माण गर्नका लागि मिथकको अर्थमा परिवर्तन जरुरी हुन्छ । त्यसैले साहित्यमा मिथकले कृति रचनाका स्तरमै नवीन अर्थवत्ता प्राप्त गरेको हुन्छ (सिंह, सन् १९९५, पृ. २५-९६)। त्यसको उपयोग कति र कुन हदसम्म गर्ने भन्ने विषय रचनाकारकै हातमा रहेको हुन्छ । मिथकमा रहने अनुकूलनको शक्तिलाई अभिधामा नभएर व्यञ्जनाका तहमा गएर लेखक साहित्यकारले आत्मसात गरेका हुन्छन् । तर यसो गर्दा उनीहरूमा फरक तथा साहसिक क्षमताको दरकार पर्दछ ।

लेखक तथा साहित्यकारले मिथकलाई विविध ढङ्गले उपयोग गरेका हुन्छन् । मिथकको दुरुस्त प्रतिकृति अर्थात् आपरिवर्तित उपयोग आधुनिक साहित्य होइन । माथि नै भनिसकियो मिथकको समय सन्दर्भमुताबिक दोहन हुन्छ । यसरी अनुकूलनमा ढाली नयाँ संवाद सन्दर्भ दिनु लेखक साहित्यकारको उद्देश्य रहेको हुन्छ । त्यस क्रममा मिथकको थोरै परिवर्तन गरेर पनि कृति रचना गरेको पाइन्छ । यस्ता कृतिले मिथकका घटना र चरित्रलाई आधार बनाउँदै त्यसका आधारमा वर्तमान जीवन खोतल्ने जमर्को गरिएको हुन्छ । उदाहरणका लागि माध्यमिक कालीन कृति 'शर्मिष्ठा'लाई लिन सकिन्छ । यस कृतिले देवयानी र शर्मिष्ठाको मिथकलाई आधार बनाउँदै नारीको स्वभावलाई चित्रण गर्ने प्रयत्न गरेको छ । खराब स्वभावका नारीले देवयानीको नियति भोग्नुपर्ने र असल स्वभावका नारीले शर्मिष्ठाको नियति भोग्नुपर्ने विचार अभिव्यक्त गरिएको छ (मल्ल, २०६८, पृ. ८४)। त्यसैले यो कृति मिथकलाई थोरै परिवर्तन गरी लेखिएको कृति हो ।

मिथकलाई युगसन्दर्भमा ढालेर उपयोग गर्न सक्नुमा नै लेखक साहित्यकारको सामर्थ्य झल्कन्छ । तर कतिपय कृतिमा मिथकको टुक्रा वा अंशलाई मात्र उपयोग गरेको पाइन्छ । यस्तो उपयोगले पनि लेखकीय कथ्य र शिल्पलाई प्रभावकारी बनाउन सक्छ।जस्तो विश्लेष्य उपन्यास पनि टुक्रे मिथकको उपयोग गरी लेखिएको उपन्यास हो, जसले फ्रायडीयन यौन मनोविश्लेषणको जग निर्माण गरिदिएको छ ।

मिथकमा रहने प्रतीकात्मकता नै त्यसको खास ताकत हो । त्यसका घटना,पात्र र परिवेशमा प्रतीकात्मकता पाइन्छ । त्यसलाई सोही स्तरमा वर्तमानमा ढाल्न सकियो भने रचना शक्तिशाली बन्न पुग्छ । जातीय मिथकहरूमा आउने देवीदेवता र वीर नायकका कथाका प्रतीकहरूले युगजीवनलाई अभिव्यक्त गर्न सक्ने सामर्थ्य राख्दछन् । जस्तो, ग्रिसेली मिथकमा आउने अपोलो विवेकका प्रतीक हुन् भने डाइनिसस उल्लासका र विनस प्रेमका प्रतीक हुन् । त्यसै गरी पूर्वको मिथक परम्परामा पनि ब्रह्मा, विष्णु, शिव, लक्ष्मी, सरस्वती जस्ता पात्रका आआफ्नै विशिष्टता र अर्थहरू छन् (मल्ल, २०६८, पृ. ९३)। यस्ता प्रतीकहरूलाई तत् तत् अर्थवत्तामा ढाल्न सके सहित्य शक्तिशाली बन्न पुग्दछ ।

मिथकमा रहने सामूहिक आस्थाले नै त्यसलाई विश्वसनीय बनाएको हुन्छ । कार्ल युङ्ग त मिथकलाई सामूहिक अचेतनका रूपमा व्याख्या गर्दछन् । उनले पूर्वजका संस्कारहरू अचेतनमा आनुवंशिक रूपमा रहन्छन् भने । यसबाट मिथक सामूहिक अचेतन सम्बद्ध छ भन्न सकिन्छ । त्यसैले मिथकमा इतिहासको जस्तो यथार्थ नपाइए पनि सामूहिक आस्था र विश्वास पाइन्छ । यही नै मिथकको सत्य हो ।

***सुम्निमा* उपन्यासमा मिथक**

*सुम्निमा* नेपाली उपन्यास परम्परामा मिथकको प्रयोग गरी रचना गरिएको पहिलो आधुनिक उपन्यास हो । यस उपन्यासमा हिन्दू र किराँती धर्मग्रन्थहरूको मिथकलाई प्रतीकात्मक रूपमा उपयोग गरिएको छ । यसको कथानकमा मिथकको सूत्रात्मक अभिव्यक्ति पाइन्छ (उपाध्याय, २०५०, पृ. २८५) । उपन्यासमा दुई प्रमुख पात्रहरू सुम्निमा र सोमदत्तका जीवनमूल्यहरूमा मिथकको अभिव्यक्ति भएको पाइन्छ ।

उपन्यासमा सुम्निमा किराँती संस्कृतिको प्रतिच्छायाका रूपमा देखिएकी छ । सोमदत्त आर्य ऋषिमुनिहरूको मार्ग अवलम्बन गरी तपोप्रबल र इन्द्रियनिग्रही बन्ने ध्याउन्नमा छ । यसका लागि उसले प्राचीन कालमा विश्वामित्र ऋषिले तपस्या गरेको कोशी नदीको तटमा रहेको चतराको भूमिलाई रोजेको छ । आध्यात्मिक श्रेष्ठता प्राप्त गर्नु उसको जीवनको लक्ष्य हो । यसको विपरीत सुम्निमाले भौतिक जीवनको मार्गलाई रोजेकी छ । जीवनका प्रति उसको दृष्टिकोण किराँती मिथककी सुम्निमाको जस्तो रहेको छ । सुम्निमाका चरित्र किराँती मिथककी सुम्निमाको जस्तो सिधा संयोजित नभएर प्रतीकात्मक रूपमा आएको छ । यस विषयमा उपन्यासका रचनाकार विश्वेश्वरप्रसाद कोइरालाले टिप्पणी गरेका छन्, "अनुभवभन्दा बाहिर पाउन सक्ने चाख प्रतीकात्मक हुन्छ, सङ्केतजनित । त्यसैले यो कथा सत्य र असत्यको तराजुमा नजोखिने एउटा वृत्तान्त हो । यसको महत्त्व पौराणिक छ । सङ्केतमय र प्रतीकात्मक" (कोइराला, २०६३, पृ. १) । यसरी उपन्यासकारले नै सुम्निमा र सोमदत्तको चरित्र र जीवनमान्यतालाई पौराणिक र प्रतीकात्मक भनी प्रस्ट पारेका छन् । सुम्निमा विषयवासनामा रत देखिन्छे भने सोमदत्त तपोप्रबल र जितेन्द्रिय बन्ने ध्याउन्नमा लागेको छ । हिन्दू धार्मिक ग्रन्थहरूमा पनि विषयवासनामा रत हुने, सांसारिकताको बन्धनमा बाँधिने र यसबाट आफूलाई टाढै राख्ने जस्ता मान्छेको चर्चा गर्दै देह, आत्मा र मोक्षको बारेमा बोलिएको पाइन्छ (बृहदारण्यकोपनिषद्, २०६५, पृ. १०७२ १०८२) ।

उपन्यासमा देह, आत्मा आदिका विषयमा सुम्निमा र सोमदत्तको वार्तालाप भएको छ । यसबाट पनि बृहदारण्यकोपनिषद्को स्थापना उपन्यासको दार्शनिक आधार बन्न पुगेको छ भन्न सकिन्छ । त्रिवेणीपारि मैनास्थान छ । त्यहाँ पुजारी राई थरका छन् । उनीहरू आफूहरू ऋषिकुलको भएको बताउँछन् । राई कन्यासँग पुर्खाको संसर्ग भएपछि आफूहरू जन्मिएको बताउँछन् (नेपाल, २०४०, पृ. ३३७)। यही किराँती मिथकलाई उपन्यासले विषयवस्तुको आधार बनाएको छ । सुम्निमा किराँतीवाला हो भने सोमदत्त आर्य जातिको प्रतिनिधि हो । उपन्यासमा यी दई पृथक सभ्यताका पात्रहरूको संसर्ग र सुम्निमापुत्री र सोमदत्तपुत्रका बिच वैवाहिक सम्बन्ध स्थापित भएको घटनाक्रम छ । समालोचक पोखरेलले मैनास्थानका पुजारी र सुम्निमा उपन्यासका आलोकमा बाहुन र किराँतीको समागम भई राई जातको उत्पत्ति भएको हुन सक्ने निष्कर्ष निकालेका छन् (पोखरेल, २०४९, पृ. ६९)। यसरी उपन्यासले हिन्दू र किराँती मिथकलाई कथानक योजनाको स्रोत बनाएको देखिन्छ ।

उपन्यासमा दुई पृथक संस्कार र मान्यताहरूबाट अघि बढेका व्यक्तिहरू मान्यतामा अडिग रहँदा, तिनका अस्तित्वहरूमा टकराव आउँदा परिणाम कस्तो निस्कन्छ भन्ने विषयलाई प्रतिपादित गरिएको छ । सोमदत्तले आर्य संस्कृतिलाई अवलम्बन गरेको छ । ऊ तपोप्रबल बनेर श्रेष्ठता हासिल गर्न चाहन्छ । पूर्वीय आध्यात्मिक मान्यताको धुरीबलो बन्न चाहन्छ । आध्यात्मिक जीवनदर्शनको विपरीत सुम्निमाले भौतिक जीवनदर्शनलाई अवलम्बन गरेकी छ । उसको विश्वास भौतिकवादप्रति छ । परिवेश सन्निकटताले ती दुईलाई एकै ठाउँमा उभ्याएको छ । मानसिक तहमा ती दुई एक हुन चाहन्छन् तर सांस्कृतिक दृष्टिले भने ती दुईलाई निकट हुन दिएको छैन । सोमदत्त भोगवादी जीवनमूल्यबाट टाढा रहने प्रयत्न गर्छ भने सुम्निमा मांसलतामा रमाउने भोगवादी जीवनको चाहमा हुन्छे । तिनका जीवनमूल्यले तिनका मनलाई टुक्र्याएको छ, टड्याएको छ । मनका स्वाभाविक इच्छाहरूलाई दबाएर टाढा रहन चाहने स्वभाव र मान्यताले सुम्निमाको चाहलाई दुर्घटित त बनाएको छ नै स्वयम् सोमदत्तले पनि मनोद्वेगहरूको दमन गरेको छ । त्यसैले मान्यताहरू जे भए पनि सोमदत्तको मनले सुम्निमालाई पछ्याइरहेको छ । यस्तो चाह उसको अचेतन मनमा बलशाली बनेर बसेको छ । यसै बिचमा सोमदत्त आध्यात्मिक आश्रम छोडेर बाहिरिन्छ भने पितापुर्खाहरूको वंशपरम्परा धान्नका लागि भनेर ब्राह्मणपुत्री पुलोमासँग वैवाहिक सम्बन्ध स्थापित गर्दछ । उसले वैवाहिक बन्धनलाई कर्तव्य सम्पादनका रूपमा मात्र हेरेको छ । त्यसैले ऊ विषयवासनाबाट टाढा रहने प्रतिबद्धतासहित विधिविधानपूर्वक पुत्र प्राप्तिका लागि पुलोमासँग सहवास गर्दछ तर सन्तानोत्पत्ति गर्न असफल बन्दछ । ऊ पटक पटक असफल बन्दछ । सुम्निमाको बिजुवा बाले मनुवा रिसाएको भन्दै सुम्निमाका साथ मनुवा दहमा नुहाउन लगाउँदा भने उसका अतृप्त चाहनाहरू एक एक गर्दै खुल्न थाल्छन् र उसले असीम सुखानुभूति प्राप्त गर्दछ । ऊ अत्यन्तै सहज र स्वाभाविक रूपमा प्रस्तुत हुन्छ । उसकी पत्नी पुलोमा दङ्ग पर्दछे । उनीहरूको भौतिक सुखको संसारमा परिवर्तन देखा पर्दछ । सहवासमा सोमदत्तले सुम्निमाको बिम्ब सम्झन पुग्छ भने उसकी पत्नी पुलोमाले भिल्ल युवकलाई सम्झन्छे । उनीहरू सीमाहीन आनन्दको अनुभूति गर्दछन् । त्यसरी गरिएको सहवासबाट उनीहरूको पुत्र जन्मन्छ । उनीहरूले अचेतनमा कल्पेको बलिष्ठ

व्यक्तिको रूपाभासमा सम्पन्न गरेको रतिक्रीडाबाट अकल्पनीय तृप्ति गरे (प्रधान, २०५२, पृ. ३६४)। यसरी प्राचीन मिथकका मान्यताहरूबाट अलग भएपछि उनीहरूले जुन सुख प्राप्त गरे, त्यसबाट दुई विपरीत मूल्यहरूको समन्वय, अहम्को परित्याग र मनको बलशाली पक्षलाई उपन्यासले जीवन्त चित्रण गरेको छ।

उपन्यासले सोमदत्त र पुलोमाको जीवनचर्याबाट पूर्वीय मिथकहरूमा वर्णित आर्य ऋषिमुनिहरूको आध्यात्मिक चेतनालाई प्रकट गरेको छ। पिता सूर्यदत्तमा छोरो सोमदत्तलाई प्राचीन ऋषिमुनिहरूको बिडो थमाउने चाहना प्रबल रूपमा रहेको छ। त्यसैले सोमदत्त सानैदेखि तप र साधनाबाट ऋषिमुनिहरूको पदचाप पछ्याउन चाहन्छ। ऊ मनका इच्छा आकाङ्क्षाहरूलाई निर्ममतापूर्वक दबाएर इन्द्रियनिग्रही बन्न पुग्छ। उसको वानप्रस्थ जीवन बिताउने उपक्रमलाई लिएर गाउँलेहरू भन्दछन्, "सोमदत्तले प्राचीन ऋषिमुनिहरूको मर्यादा थाम्नेछ, यसमा कुनै सन्देह छैन" (कोइराला, २०६३, पृ. ४)। सोमदत्त सबेरै उठ्छ, बिस्तरा त्याग्छ, जलपात्र, शुचवस्त्र, कुशासनको जोहो गरेर कोशीका किनारतर्फ लाग्छ। स्नान गर्नु, वन्दना गर्नु, प्रणायाम गर्नु उसका नित्यकर्महरू हुन्। सूर्यदत्त र सोमदत्तको आध्यात्मिक उपक्रमलाई लिएर उपन्यासकार टिप्पणी गर्दछन्, आश्रम फर्केपछि उनीहरू अरणिबाट अग्निमन्थन गरेर यज्ञवेदीमा आह्वनीय स्थापित गर्थे अनि उच्च कण्ठस्वरले मन्त्रोच्चारण गर्दै चामल, घिउ, जौँ र तिल मिसाएर यज्ञमा हवन गर्थे। पितापुत्रको सम्मिलित कण्ठले उच्चरित वेदका ऋचाहरू वायुमण्डलमा तरङ्गित हुन्थे। यसप्रकार बिहानको अधिकांश भाग देव र पितृको उपासनामा बिताएर देवप्रसादको रूपमा पञ्चामृतको आचमनबाट मुख शुद्ध गरी सोमदत्त एउटा पात्र भरी धारोष्ण दुध पिउँथ्यो (कोइराला, २०६३, पृ. ५)।

उपन्यासमा सोमदत्तले ऋषि विश्वामित्रको मार्ग पछ्याएको छ। उसलाई विश्वामित्र ऋषि झैँ गरी प्रस्तुत गरिएको छ (दाहल, २०५३, पृ. १८७)। ऊ विषयवासनाबाट विरत छ। उसले सुम्निमाको नग्न शरीरलाई नर्क ठान्दै टाढा रहन भनेको छ। यसलाई आत्मिक विकासको बाधाका रूपमा लिँदै अझ कठोर साधनाका लागि जङ्गलतर्फ हिँडेको छ। कठोर साधनाबाट ब्रह्मपद प्राप्त गर्ने उसको जुन अठोट छ, त्यसले प्राचीन ऋषिमुनिको तपस्याको झल्को दिएको छ। उसको तप र साधनामा जसरी सुम्निमाको उपस्थितिले व्यवधान सिर्जना गरेको छ, यो घटना विश्वामित्र र मेनकाको मिथक सदृश भएको छ। त्यसैले प्रतीकात्मक व्यञ्जनाका माध्यमबाट यहाँ मिथकीय सन्दर्भ उप्किएको छ।

किराँती मिथकअनुसार निनाम्नाले तायारिप्चीलाई स्वरूप प्रकट गर्न लगाउँछ। तायारिप्ची आधा पुरुष र आधा नारीको रूपमा प्रकट हुन्छन्। त्यसपछि तायारिप्चीलाई पृथ्वीमा जीवन उत्पन्न गराउने इच्छा जाग्छ। त्यसलाई साकार पार्न उनले पुरुष र स्त्रीको कल्पना गर्छन्। एउटा प्रकाश आकाशतिर लाग्छ, अर्को पृथ्वीतिर लाग्छ। त्यसपछि आकाश गडगडाउँछ, थर्किन्छ, बर्सात हुन्छ, आँधीबेरी चल्छ। आकाशमा सर्वशक्तिमान पारुहांग जन्मिन्छन् भने पृथ्वीमा त्रिकालदर्शी सुम्निमा जन्मिन्छिन् (वर्तमान, २०५२, पृ. ३)।

उपन्यासमा पारुहांग र सुम्निमाको उपर्युक्त चर्चा पाइँदैन तर सोमदत्तका अघिल्तिरको सुम्निमाको जुन मूल्य, विचार र शास्त्रार्थ देखापर्छ त्यसले मिथकीय प्रतीकात्मकतालाई बोक्न सफल भएको छ। "म किराँती छोरी हुँ, सुम्निमा" (कोइराला, २०६३, पृ. ६) भन्नुले र मिथकमा पारुहांग र सुम्निमाका बिचमा जुन आकर्षण र विकर्षणको भाव देखा परेको छ, त्यस्तै आकर्षण र विकर्षणको भाव उपन्यासमा सोमदत्त र सुम्निमामा देखिनु (राई, २०५५, पृ. ३०) ले सुम्निमा मिथकीय प्रतीक बन्न पुगेकी छ। मिथकमा पारुहांग र सुम्निमाको बिचमा वैवाहिक सम्बन्ध कायम भएको छ भने उपन्यासमा दैहिक सम्बन्ध स्थापित भएको छ (मल्ल्, २०६८, पृ. ११५)। यसबाट पनि मिथक र उपन्यासको प्रसङ्ग एकै भएको प्रस्टिन्छ।

उपर्युक्त आधारमा *सुम्निमा*को मिथकीय सन्दर्भ पुष्टि हुन्छ। चतरा आफैमा मिथकीय परिवेशलाई प्रतिनिधित्व गर्ने स्थल हो। परापूर्वकालमा विश्वामित्रले तपस्या गरेको स्थानका रूपमा यसलाई हेर्न सकिन्छ। पिता सूर्यदत्त र पुत्र सोमदत्तको तपस्यास्थल बनेर यही भूमि आएको छ। बराह क्षेत्रको त्रिवेणी सङ्गम बनेर आएको ऋषि विश्वामित्रको प्राचीन चतरा र उपन्यासको स्थानगत परिवेशमा एक्यता पाइन्छ (आचार्य, २०४०, पृ. १११)। त्यसैले सुम्निमा उपन्यासको परिवेशमा पनि मिथकीय सन्दर्भले स्थान पाएको देखिन्छ।

*सुम्निमा* उपन्यासमा अचेतनमा दमित हुँदै गएका यौनजन्य अतृप्तताले व्यक्तिको जीवनलाई विकृत बनाउन सक्छ, त्यसैले अचेतन मनमा रहेका अतृप्त चाहनाहरूको सहज निकास हुनुपर्छ भन्ने फ्रायडीयन मनोविश्लेषण गरी देखाउने ध्येय रहेको छ। श्रेष्ठ तापस ब्राह्मण बन्ने सोमदत्तको अभिप्सा र भौतिकताको रङ्गमञ्चमा रम्न चाहने सुम्निमाको मनोकाङ्क्षाहरू मिथकको सूत्रहरूमा उनिएर दमित वासनाहरूको सिकार बन्न गएको जीवन प्रक्षेपित गर्नुले औपन्यासिक कथ्यको जगका रूपमा यहाँ मिथकलाई उपयोग गरिएको छ। उपन्यासमा सोमदत्तले जबसम्म अचेतनलाई दबाएर हिँडेको छ अर्थात् अचेतन मनका चाहनाहरूको सहज परितृप्तितिर लागेको छैन ऊ असामान्य जीवन बाँच्न बाध्य छ। जब उसले सुम्निमालाई वरण गरेर अचेतन मनका मनोकाङ्क्षाहरूको सहज निकास प्राप्त गर्छ ऊ सामान्यतामा ओर्लन्छ। यसले फ्रायडीयन मनोविश्लेषणको सिद्धान्तलाई पुष्टि गरेको छ। यो मिथकको जग टेकेर आएको छ। यही नै सुम्निमा उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता हो।

## निष्कर्ष

*सुम्निमा* नेपाली उपन्यासको आधुनिक परम्परामा मिथक प्रयोग गरी रचना गरिएको पहिलो उपन्यास हो । यहाँ दुई पृथक जीवनमान्यताहरू मिथकका सूत्रहरूमा उनिएर आएका छन् । सोमदत्तले विश्वामित्रजस्ता आर्य ऋषिमुनिहरूको जीवनमार्ग र विषयवासनाबाट विरत भई वा सांसारिक बन्धनमा नपरी मोक्ष प्राप्त गर्ने वृहदारण्यकोपनिषद्को जीवनदर्शनलाई अवलम्बन गर्दै इन्द्रियनिग्रही तपोप्रबल ब्राह्मण बन्ने सुर कसेको छ । सुम्निमाले भने किराँती मिथककी सुम्निमाको दृष्टिकोणलाई आत्मसात गर्दै प्रतीकात्मक ढङ्गले देहसुखको मार्ग अवलम्बन गरेकी छ । सोमदत्त र सुम्निमाले जीवनका दुई अलग अलग बाटोहरू समाते पनि उनीहरू एकआपसमा निकै आकर्षित पनि रहेका छन् । सुम्निमा सोमदत्तको सान्निध्यमा जीवनको चिरसुख चाहन्छे भने अचेतनका चाहनाहरूलाई कुण्ठित गरेर सोमदत्त सुम्निमाबाट टाढा हुन खोज्छ । आदर्श तपोप्रबल ब्राह्मण बनेर सांसारिक सुखहरूबाट भाग्न खोज्छ । त्यसैले उसले सुम्निमाको देहलाई नर्कको संज्ञा दिएको छ । यति हुँदाहुँदै पनि उसको मनले सुम्निमाको निकटता खोजिरहन्छ । उसले शास्त्रीय विधिपरम्परालाई अनुसरण गर्दै सन्तानोत्पादनका लागि पत्नी पुलोमासँग गरेको सहवास पटक पटक विफल बन्न पुगेपछि बिजुवाको सल्लाहअनुसार मनुवा दहमा सुम्निमाका साथमा स्नान गर्दछ । त्यसबाट नै उसलाई चरम आनन्द प्राप्त  भएको छ । यस्तै मनोदशा लिएर घर पुगेको सोमदत्त पत्नी पुलोमासँगको रतिक्रीडामा संलग्न हुन्छ । त्यो क्षणमा सोमदत्तले सुम्निमा र पुलोमाले भिल्ल युवकलाई स्मरण गर्दा उनीहरू स्वर्गीय आनन्दमा पुगेका छन् र सन्तानोत्पत्तिको प्रक्रिया पनि अघि बढेको छ । यसरी वासनाहरूको दमनले जीवन दुर्घटित बन्न पुग्दछ र त्यसको सहज निकासले जीवनलाई अर्थपूर्ण बनाउँछ भन्ने फ्रायडीयन यौन मनोविश्लेषणको आधारका रूपमा उपयोग भई उपन्यासमा मिथकले सान्दर्भिकता प्राप्त गरेको छ । यसरी हिन्दू र किराँती मिथकीय प्रतीकहरूबाट औपन्यासिक कथ्य स्थापित गरिएको छ । उपन्यासमा मिथकको आपरिवर्तित प्रयोग गरिएको छैन । यसलाई नयाँ सन्दर्भमा ढालिएको छैन । अर्थात् नुतन विचारलाई प्रभावकारी ढङ्गले पस्कनका लागि मिथकको उपयोग गरिएको छ । यौनजन्य चाहानाहरूको अत्याधिक दमनले जीवनलाई असामान्य र असफल बनाउने भएकाले त्यसलाई सहज निकास दिनुपर्छ भन्ने फ्राडीयन मान्यताको औपन्यासीककरणलाई यहाँ मिथकको उपयोग गरिएको छ । अतः फ्राडीयन यौन मनोविश्लेषणलाई सशक्त प्रस्तुतिका लागि यहाँ मिथकको प्रयोग गरिएको छ । मिथक प्रयोगले औपन्यासिक कथ्य अझ सुस्पष्ट र प्रभावकारी ढङ्गले स्थापित भएको छ । यही नै सुम्निमा उपन्यासमा मिथक प्रयोगको सान्दर्भिकता हो ।

## लेखक परिचय

**डा.महेन्द्रकुमार मल्ल** लेखन तथा अनुसन्धान कार्यमा निरन्तर क्रियाशील हुनुहुन्छ। यस सम्बन्धी उहाँका थुप्रै लेखरचना र पुस्तकहरू प्रकाशित भएका छन्। विश्वविद्यालयका पाठ्यक्रममा आधारित नेपाली विषयका पाठ्यपुस्तकहरूको लेखनमा पनि उहाँ संलग्न हुनुहुन्छ । त्यसै गरी पछिल्लो समय गीतसङ्गीत तथा साहित्य सिर्जनामा पनि उहाँ उत्तिकै सक्रिय हुनुहुन्छ । साहित्यका विधामध्ये विशेष गरी उहाँ कविता र आख्यानका क्षेत्रमा सिर्जनारत हुनुहुन्छ। शिक्षण, अनुसन्धान र सिर्जनात्मक लेखनमा लामो समयदेखि सक्रिय रहँदै आउनुभएका मल्ल मध्यपश्चिम विश्वविद्यालयको रजिस्ट्रारको भूमिकामा समेत रहिसक्नुभएको छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, गिरिराज (२०४०). वी.पी. को सुम्निमा : आलोचकहरूको अन्तर्विरोध. *वरगाछी*. (वी.पी. कोइराला स्मृति अङ्क), (वर्ष १४, पूर्णाङ्क ८), पृ. ११-१२ ।

उपाध्याय, केशवप्रसाद (२०५०) . *विचार र व्याख्या  (दोस्रो संस्करण)* . साझा प्रकाशन ।

कडन जे.ए. (सन् १९९२). द पेन्गुइन डिक्सनरी अफ लिटरेरी टम्स एन्ड लिटरेरी थ्योरी (तेस्रो संस्करण). पेन्गुइन बुक्स ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६३). *सुम्निमा (आठौँ संस्करण)* . साझा प्रकाशन ।

विश्वेश्वरप्रसाद दाहाल, कृष्णप्रसाद (२०५३). *चर्चा परिचर्चाको आलोकमा सुम्निमा उपन्यासको परिक्रमा. कोइराला : समालोचना र विचारमा*. जीवनचन्द्र कोइराला (सम्पा.). वी.पी. अनुसन्धान तथा सेवा केन्द्र ।

नेपाल, ज्ञानमणि (२०४०). *नेपाल निरुक्त* . नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद (२०४९). सुम्निमाको प्रागैतिहासिक सन्दर्भ. *रश्मि* (वाङमय विशेषाङ्क), पृ. ६८-७२

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार (तेस्रो संस्करण)*. साझा प्रकाशन ।

फिस्के, जोन (सन् १९९६). *मिथ्स एन्ड मिथ मेकर*.  सिनेट रेन्डम हाउस।

बराल, कृष्णहरि र नेत्र एटम (२०६३).  *नेपाली कथा र उपन्यास*. अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

वर्तमान (२०५५). *किराँत लोककथा*.  किराँत राई यायोक्खा, केन्द्रीय कार्यसमिति ।

वृहदारण्यकोपनिषद (सन् २००८).  तेह्रौं पुनर्मुद्रण, गीता प्रेस ।
मल्ल, महेन्द्रकुमार (२०६८). आधुनिक नेपाली उपन्यासमा मिथक. अप्रकाशित *विद्यावारिधि शोध प्रबन्ध*, त्रि.वि.. कीर्तिपुर ।
विम्स्याट, विलियम के. एन्ड जे. आर. क्लिन्थ बुक्स (सन् १९५७). लिटरेरी विम्स्याटसिज्म : सर्ट हिस्ट्री. अक्सफ्रेंड पब्लिसिङ्ग कम्पनी प्रा.लि. ।
सिंह, वीरेन्द्र (सन् १९९५). *मिथक और साहित्य  : संवाद के नयेँ सन्दर्भ .  सौन्दर्य और संस्कृति*, रतन कुमार पाण्डेय (सम्पा.) वाराणसी विश्वविद्यालय प्रकाशन ।